# प्रदेशराजपत्र

कर्णाली प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड3) सुर्खेत, फाल्गुण १३ गते, २०७७ साल (अतिरिक्ताङ्क ९

## भाग-१

### कर्णाली प्रदेश सरकार

### आन्तरिक मामिला तथा कानून मन्त्रालय

नेपालको संविधानको धारा २०२ को उपधारा (१) बमोजिम प्रदेश मन्त्रिपरिषद्को सिफारिसमा प्रदेश प्रमुखबाट जारी भएको तल लेखिए बमोजिमको अध्यादेश सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**सम्वत् २०७७ सालको अध्यादेशनं. ०२**

**प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ लाई संशोधन गर्न बनेको अध्यादेश**

**प्रस्तावना**: प्रशासकीय कार्य विधि (नियमित गर्ने) ऐन, २०७५ लाई तत्काल संशोधन गर्न वाञ्छनीय भएको र हाल कर्णाली प्रदेश सभाको अधिवेशन नभएकोले,

नेपालको संविधानको धारा २०२ को उपधारा (१) बमोजिम मन्त्रिपरिषद्को सिफारिसमा प्रदेश प्रमुखबाट यो अध्यादेश जारी भएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस अध्यादेशको नाम "प्रशासकीय कार्यविधि (नियमित गर्ने) (पहिलो संशोधन) अध्यादेश, २०७७" रहेको छ।

(२) यो अध्यादेश तुरुन्त प्रारम्भ हुनेछ।

२. **प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ३ मा संशोधन** : प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ३ को सट्टा देहायको दफा ३ राखिएको छः-

"३. कार्यविधि, निर्देशिका वा मापदण्ड बनाउन सक्ने : कर्णाली प्रदेश सरकारले आफ्नो नीति, कार्यक्रम र बजेटको

कार्यान्वयन गर्न आवश्यक कार्यविधि वा निर्देशिका वा मापदण्ड बनाउन सक्नेछ।"

आज्ञाले,
बीरेन्द्र बहादुर के.सी.
प्रदेश सरकारको निमित्त सचिव

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कर्णाली प्रदेश, सुर्खेतमा मुद्रित